दुल्लु नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुल्लु,दैलेख

कर्णाली प्रदेश नेपाल

विषय : कर्मचारी आवश्यकता सम्वन्धी सुचना ।

प्रथम पटक प्रकाशित मिति २०८०।०४।१४

यस दुल्लु नगपालिकामा संचालित (Green Resilient Agriculture Productive Ecosystem)(GRAPE) परियोजना अन्तर्गत जलवायू उत्थानशिल मैत्री तथा मुल्य श्रृङ्खला सम्वन्धी कृषि कार्यहरु संचालन हुँदै आईरहेको छ। यस अन्तर्गत यस नपाका १३ वटै वडाहरुमा संचालन हुने जलवायू उत्थानशिल कृषि कार्यक्रम कार्यान्वयन र सहजीकरण गर्न निम्न पदमा रहि काम गर्न निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यस नगरपालिकाको राजश्व शाखामा रु १०००। आवेदन शुल्क ( फिर्ता नहुने गरी )तिरेको भौचर सहित बैयक्तिक विवरण (Bio Data ) सहित यस नगरपालिकाले तोकेको आवेदन फारम भरी निवेदन सहितको दरखास्त यो सुचना प्रकाशित भएको मितिले (१५ दिन भित्र मिति २०८०।४।१५ देखि २०८०।४।२९ गते सम्म) सो दिन सार्वजानिक विदा भए सो दिनको भोलिपल्ट कार्यालय समयमा नगरपालिकाको कृषि विकास शाखामा बुझाउन हुन यो सुचना प्रकाशित गरिएको छ। दरखास्तका साथै शैशिक योग्यता एवं अनुभवका प्रमाणपत्रका प्रमाणित प्रतिलिपि र नागरिकता प्रतिलिपि पेश गर्नुपर्नेछ। सक्षिप्त छोटो सुची(Short List) मा परेका निवेदनहरुलाई मात्र लिखित तथा अन्तरवार्तामा सहभागि गराइनेछ ।

विज्ञापन न पद संख्या र आवश्यकता शैक्षिक योग्यता:

| | |
|---|---|
| विज्ञापन न : | ०१।२०८०।०८१ |
| पद | नगर कृषि अधिकृत अधिकृतस्तर सातौ |
| माग संख्या | १ |
| आवश्यक न्यूनतम् शैक्षिक योग्यता र अनुभव | मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि विषयमा स्नातक (B.Sc.Ag) उत्तिर्ण गरि कृषि तथा जलवायू कृषि परिवर्तन,कृषि मुल्य श्रृङ्खलामा काम गरेको अनुभव भएकालाई प्राथमिकता दिईनेछ । |
| लिखित परिक्षाको पाठ्यक्रम | लोकसेवा आयोग द्धारा लिइने रा.प.तृ श्रेणी एग्री इको,कृषि प्रसार,हर्टिकल्चर स्वायल साइन्स,वाली विकास,वाली संरक्षण र समसामयीक सामान्य ज्ञान सहितको प्रथम पत्र बस्तुगत बहुवैकल्पिक प्रश्नको पाठ्क्रम अनुसार हुनेछ। |

शर्त एवं छनौटका आधारहरु

१) परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
२) प्रचलित कानुन बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
३) मासिक सविधा : सहयोगि निकायसँग भएको सम्झौता बमोजिम हुनेछ ।
४) सम्वन्धीत क्षेत्रमा काम गरेको अनुभ प्राप्त व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ । साथै उम्मेदवारले निवेदन साथ पेश गरेका प्रमाण प्रतिलिपिहरुका पछाडि उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ ।
५) उम्मेदवारले समुदायका लागि काम गर्न इच्छुक,शारिरिक तन्दुरुस्त,र सम्वन्धीत सरोकारवाला संग समन्वय गरि कार्यक्रम गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ।
६) दुइपाङ्ग्रे सवारी साधन(मोटरसाइकल) को चालक अनुमति पत्र भएकोलाई प्राथमिकता दिईनेछ।
७) रित नपुगि आएको वा म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कारवाही गरिनेछैन ।
८) विज्ञापन सम्वन्धी थप जानकारी यस कार्यालयवाट र मोबाइल नं ९८६८०७४९८७ सम्पर्क गर्न सकिनेछ ।
९) परियोजना समाप्त भएमा सेवा स्वतःसमाप्त हुनेछ ।
१०) सम्पर्क मिति : २०८०।४।३०

ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत